

# CIM

## FACTS Newsletter

(अंक ७)

कार्तिक २०७८

Sahid Marg, Biratnagar-02

021-515712

cim.biratnagar@gmail.com

# सम्पादकीय

देशको भौगोलिक अवस्था, परिवर्तित मौसम एवं जलवायु लगायतका कारण विभिन्न समयमा प्राकृतिक विपदका कहालीलाग्दो घटनाहरु घट्ने गरेका छन् । यसै क्रममा गत कार्तिक १ देखि ३ गते सम्म परेको अविरल वर्षाका कारण प्रदेश नं १ मा ठूलो जनधनको क्षति भएको छ ।

३ दिन परेको अविरल वर्षाले सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योग व्यवसायमा अर्बौंको क्षति भएको छ । उद्योगको कच्चा पदार्थ, उत्पादित वस्तु कामै नलाग्ने गरी बिग्रनुका साथै मिल मेशिनेरीमा पानी र हिलो जम्नाले यस क्षेत्रका उद्योग प्रतिष्ठानले एकातर्फ अकल्पनीय आर्थिक क्षति वहन गर्नु परेको छ भने अर्कातर्फ विपद पछिको व्यवस्थापनमा सरकारको उदासीनताले यस क्षेत्रलाई थप मर्माहत बनाएको छ । राजस्व, रोजगारी उपलब्ध गराउदै वस्तु उत्पादनको माध्यमबाट देशलाई आत्मनिर्भर उन्मुख बनाउदै आएका उद्योग/व्यवसाय क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रका रुपमा राखी संरक्षण एवं सम्वर्द्धन गरी अभिभावकत्व प्रदान गर्ने नीति अवलम्वन गर्नुपर्दछ । अन्यथा विपदको समयमा राज्यको वेवास्ताका कारणले यस क्षेत्रमा लगानी संकुचन भई भएका उद्योगहरु समेत पलायन हुन सक्दछन् ।

परिवर्तित मौसमको अवस्थालाई मध्यनजर गरी बाढी, पहिरो जस्ता प्राकृतिक विपत्ति प्रत्येक वर्ष दोहरिने भएकाले विशेषज्ञहरुको परिचालन गरी जोखिमयूक्त स्थानको पहिचान गरी नदी, नालाहरुको नियन्त्रणका साथै जोखिम पूर्व र पश्चात्को तयारी एवं मौसमको सहि सूचना समय मै सम्प्रेषण गरी जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गर्नुपर्दछ ।






# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**आर्थिक वर्ष २०७८/७९ को दुई महिनाको तथ्याङ्कमा आधारित**


| | |
|---|---|
| **३.४९%**<br>उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति | **६.३%**<br>विप्रेषण आप्रवाह (नेपाली रुपैयाँमा) |
| **७५.९%**<br>आयात | **११५.४%**<br>निर्यात |
| **रु. ८९ अर्ब ९४ करोड**<br>संघीय सरकारको खर्च | **रु. १६८ अर्ब ५८ करोड**<br>राजस्व परिचालन |
| **११ अर्ब १४ करोड अमेरिकी डलर**<br>कुल विदेशी विनिमय संचिति | **८३ अर्ब ४१ करोड**<br>शोधनान्तर स्थिति<br>(negative) |











उद्योग संगठन मोरङले गत कार्तिक १ देखि ३ गतेसम्म परेको अविरल वर्षा र वर्षाका कारण आएको बाढीले सुनसरी-मोरङ-कटहरी औद्योगिक करिडोरमा अवस्थित औद्योगिक प्रतिष्ठानहरुमा परेको प्रभाव र भएको क्षति विवरण संकलन गरि बाढी पछिको प्रभाव मूल्याङ्कन प्रतिवेदन २०७८ तयार गरि १४ कार्तिक २०७८ मा यस क्षेत्रका सबै सरोकारवाला निकायहरुको उपस्थितिमा प्रतिवेदन सार्वजनिक गरेको छ । स्थलगत अवलोकन तथा अनलाइन मार्फत ४१ वटा उद्योगबाट प्राप्त विवरणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

## प्रभावित उद्योगहरुको क्षेत्रगत अवस्थिती








## प्रभावित उद्योगहरु : प्रभावको मात्रा




- उच्च प्रभाव, २४
- मध्यम प्रभाव, ११
- सामान्य प्रभाव, ६

**जम्मा- ४१**


## बाढी पश्चात उद्योग सञ्चालनको अवस्था (पालिकाका आधारमा)





## उद्योग पुन: सुचारु हुन लाग्ने वा लागेको समय र पालिकाका आधारमा उद्योगहरु




## बाढीबाट उद्योगमा भएको कुल क्षति रुपैयाँमा





## कच्चा पदार्थमा भएको क्षतिका आधारमा उद्योगहरु




## मेशिन औजारमा क्षति भएका उद्योगहरु




## मेशिन औजारमा भएको क्षति रुपैयाँमा




## तयारी मालवस्तुमा भएको क्षतिका आधारमा उद्योगहरु




## तयारी मालवस्तुमा भएको क्षति रुपैयाँमा




## प्रभावित उद्योगहरु पुन: सुचारु हुन लागेको दिन वा लाग्ने दिनका आधारमा उद्योगहरु




नोट : उद्योग बन्द हुँदा हुने दैनिक प्रशासनिक खर्च ४१ वटा उद्योगहरुको करिब ५ करोड रहेको छ । जसमा दैनिक २५ हजार (पूर्वाञ्चल कंक्रिट उद्योग) देखि १ करोड २५ लाख (रिलाइन्स स्पिनिङ मिल्स), १ करोड ५० लाख (अरिहन्त मल्टिफाइबर प्रा.लि) सम्म रहेका छन । यस आधारमा बाढीबाट उद्योग बन्द हुदा भएको प्रशासनिक तथा अन्य स्थिर खर्चहरुको अनुमान गर्न सकिन्छ ।

## तयारी मालवस्तुमा भएको क्षति रुपैयाँमा




### मानव सिर्जित कारणहरुमा

१. उद्योहरुबाट उद्योगबाट पानीको निकासको उचित प्रवन्ध नहुनु,

२. पानी निकासको पहिले भएको संरचना विनास गर्नु (जस्तो धरान बिराटनगर राजमार्गमा पूर्व पश्चिममा रहेका कल्भर्टहरु सबै छ लेनको बाटो बनाउँदा हटाइनु),

३. सडक लगायतका पूर्वाधार निर्माण गर्दा स्थानीय भौगोलिक अवस्थिति र स्थानीय आवाजलाई नजरअन्दाज गरिनु,

४. सडक निर्माणमा अदुरदर्शिता (हुलाकी राजमार्ग)

# क्षति न्यूनिकरणका उपायहरु

- अत्यधिक वर्षा हुने क्षेत्रमा पानी निकासीको व्यवस्थित र व्यावहारिक योजना बनाउनुका साथै उद्योगबाट निस्कने पानीलाई राजमार्गको निकास प्रणालीमा जोड्ने व्यवस्था गर्नुपर्दछ ।

- सडक र पुल जस्ता पूर्वाधार निर्माणमा हुने ढिलाइको अन्त्य गरि निर्धारित समयमै काम सक्ने प्रणालीको व्यवस्था गर्नुपर्दछ । साथै सडक निर्माण गर्दा पहिले भएको कालो पत्रे र माटो हटाएर उचाई नबढ्ने गरि बनाइनु पर्दछ ।

- विराटनगर-धरान सडकमा पहिले भएको पूर्व पश्चिमको कलभर्ट हटाई ६ लेन सडक निर्माण भइरहेको हुनाले पानी निकास हुन नसकेको हुँदा पूर्व पश्चिम कलर्भट बनाउनुका साथै हाल भएको नालाको गहिराई र चौडाई बढाउनु पर्दछ ।

- कटहरी करिडोर हुँदै निर्माण भईरहेको हुलाकी सडक उद्योग अवस्थित सतह भन्दा ४ फिट भन्दा बढि उचाईको बनिरहनुका साथै क्रसरोड पानीको निकासको व्यवस्था नगरिएकाले उक्त क्षेत्र डुवानमा परेको हुँदा निर्माणाधीन उक्त परियोजना डिजाइनलाई सच्याइनु पर्दछ ।

- सरकारद्वारा निर्धारित मापदण्ड अनुरुप घर तथा संरचना निर्माण नहुनुका साथै घडेरी प्लटिङ गर्दा पानीको निकासीलाई प्राथमिकतामा नराखीनाले डुबानको क्षेत्र बढ्दै गएकाले निर्धारित मापदण्डको पालना गरिनुपर्दछ ।

- इटहरी उत्तर तर्फको तालतलैया माथि अवस्थित सेरा बाँधको व्यवस्थापन गरि पानी बुढी खोलामा पठाउने व्यवस्था गर्नुका साथै ट्याङ्ग्रा खोलाको व्यवस्थापन गरि इटहरीबाट दक्षिण बग्ने खोलाको पानी बुढी खोलामा निकासी गर्ने व्यवस्था गर्नुपर्दछ ।

- मौसमको पूर्व सूचना सहि समयमा दिने व्यवस्था एवं प्राकृतिक प्रकोपको व्यवस्थापनका लागि दक्ष जनशक्तिको व्यवस्था गरि परिचालन गर्नुपर्दछ ।

# सुझाव



-सुनसरी-मोरङ-कटहरी करिडोरका स्थानीय पालिका, प्रदेश सरकार एवं संघिय सरकार र सरोकारवाला पक्षले एकिकृत योजना बनाई क्षति कम गर्ने साझा चिन्ता र चासोका साथ आगामी दिनमा आउन सक्ने यस प्रकारको विपीत्तका लागि अविलम्ब तयारी थाल्नुपर्दछ ।

-बाढी तथा डुबान अर्थात जलउत्पन्न प्रकोप नियन्त्रण लगायतको डेडिकेटेड संयन्त्र बनाईनु पर्दछ जस्ले जलउत्पन्न प्रकोपको पूर्व अनुमान, सुचना सम्प्रेषण र पूर्व तयारी र क्षति न्यूनिकरणमा काम गर्नुपर्दछ ।

-निर्माणाधीन अवस्थामा रहेको ६ लेनको सडक र हुलाकी राजमार्ग निर्माण गर्दा उद्योगमा पर्न सक्ने जोखिम तथा क्षतिलाई नजरअन्दाज गरिएकोले यसलाई सच्चाइ पानी निकासको भरपर्दो व्यवस्था नगरिकन निर्माण कार्य अघि बढाउनु हुँदैन ।

# उद्योग संगठन मोरङ्गद्वारा आयोजित कार्यक्रमहरु

**२०७८**
**कार्तिक ११ गते,**
**बिहीवार**

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिश प्रसाद पोखरेल, नेपाल सरकारका पूर्व सचिव ई. किशोर थापाका साथ प्रदेश नं. १ को आर्थिक विकास, लगानी र योजना तर्जुमा सम्बन्धी छलफल ।

उद्योग क्षेत्रमा बाढी पछिको प्रभाव मूल्यांकन २०७८ सार्वजनिक तथा सरोकारवाला निकायहरु बीच छलफल ।

**२०७८**
**कार्तिक १४ गते**
**आइतवार**

**२०७८**
**कार्तिक १५ गते**
**सोमवार**

शुभदीपावली, नेपाल सम्वत् ११४२ र छठ पर्वका पावन अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम ।

सुनसरीको अमडुवामा रहेको क्रस वोर्डर औद्योगिक क्षेत्रको सम्भाव्य अध्ययनका लागि उद्योग मन्त्रालयका परामर्शदाता डा. भागवत रिमाल तथा डा. सूर्य थापाहरुका साथ छलफल ।

**२०७८**
**कार्तिक १६ गते**
**मङ्गलवार**

**२०७८**
**कार्तिक २६ गते**
**शुक्रवार**

स्टार्टअप तथा इनोभेशन कार्यक्रमका लागि अन्तर्राष्ट्रिय परामर्शदाता **PUM Netherlands Senior Experts** का **Mr. Ignace Karthaus, Senior Expert Incubation Program** सँग परिचयात्मक भर्चुअल अन्तरक्रिया ।




Designed and Compiled by

FACTS
RESEARCH & ANALYTICS
intelligence for informed choices

## What we do?



**Retail Audit Survey**
(RAS)



**Customized Research**



**Data Dissemination**

www.factsnepal.com | info@factsnepal.com | 01-456-9924